# चलाख आमै



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# चलाख आमै



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

लेखन
जितराम चौधरी (थारु)

चित्राङ्कन कर्ता
सुनिल थापा

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

एउटी बुढी आमै चिउरा कुट्न अर्को गाउँ जाँदै थिइन् ।



बाटोमा जङ्गल थियो । जङ्गलमा धेरै बाँदर थिए ।




"बुढी आमै खान देऊ" बाँदरहरू उनको पछि लागे ।



"म त चिउरा कुट्न जाँदै छु । फर्केर आउँदा दिन्छु" आमैले भनिन् ।

आमै आफ्नो बाटो लागिन् । बाँदरहरूले उनलाई कुरिरहे ।



बुढी आमै अबेर फर्किइन् । “आमै हामीलाई चिउरा खोई ?” बाँदरहरूले उनलाई घेरे ।



"ओहो ! कस्तो फोहोर ! बाटो सफा गरेर धुलो एकै ठाउँ जम्मा पार अनि चिउरा दिउँला" आमैले भनिन् ।



सबै मिलेर धुलो जम्मा पारे ।

“निहुरिएर हेर त यो धुलोमा के रहेछ ?” आमैले भनिन् । बाँदरहरू धुलो नजिक आए ।



बुढी आमैले धुलाको थुप्रोमा एक लात्ती हानिन् । सबै बाँदरको आँखामा धुलो पर्‍यो ।



बाँदरहरू आँखा मिच्न थाले । बुढी आमै बाटो लागिन् ।

